# श्री षडानन्द बहुमुखी क्याम्पस दिङ्ला,भोजपुर

षडानन्द नगरपालिका वार्ड नं. ७

# Shree Shadananda Multiple Campus

Shadananda Municipality Ward no. 8, Dingla, Bhojpur

वार्षिक प्रगति प्रतिवेदन ०७७/७८

## Annual Progress Report 077/78

Campus Chief

क्याम्पस स्थापना मिति Established Date : 2067/04/27

आ.व. Budget Fiscal Year : 077/78

प्रतिवेदन प्रकासन मिति Report Publication Date : 2078/7/12

प्रतिवेदन तयारी समुह Report Preparation Team

| क्र.सं. | नाम थर | पद | कैफियत |
| --- | --- | --- | --- |
| १ | नगेन्द्र बस्नेत | क्याम्पस प्रमुख | |
| २ | कृष्ण प्रसाद पौडेल | क्या.व्य.स. अध्यक्ष | |
| ३ | रीता खड्का | शिक्षक | |
| ४ | सञ्जय घिमिरे | शिक्षक | |
| ५ | गणेश भट्टराई | शिक्षक | |

Date of Report Endorsement by Management Committee 2078/07/12

Campus Chief

कार्यकारी सारांश Executive Summary

२०६७ सालमा सामुदायिक क्याम्पसको रुपमा स्थापना भएको थियो । २०६७ सालमा व्यवस्थापन र २०६९ सालमा शिक्षाशास्त्र संकायको संवन्धन त्रि.वि.बाट प्राप्त भएको थियो । शिक्षाशास्त्र संकाय अन्तर्गत नेपाली शिक्षा, अर्थशास्त्र शिक्षा, जनसंख्या शिक्षा, अंग्रेजी शिक्षा, स्वास्थ्य शारिरीक शिक्षा विषयहरु अध्यापन हुँदै आइरहेको छ ।

क्याम्पसको जग्गा २१।२।२।० रोपनी र भवन (विश्वविद्यालय अनुदान आयोग अनुदानमा निर्माणाधीन समेत) ४ ओटा रहेका छन् । ३ ओटा भवनमा जम्मा कोठा संख्या १२ ओटा रहेका छन् । तर भवन एकै ठाउँमा नभएको कारणले ४ कोठा तत्काल प्रयोगमा आउन सक्ने अवस्था रहेको छैन । ६३ डेस्क वेञ्च, ६३ कुर्षि, ७ आराम बेञ्च, ३ दराज, ७ टेवुल, ३ कार्यालय टेवुल, १ लाइन एडियसएल टेलीफोन, १ थ्री इन वान रगिन पिन्टर मेशिन (काम नलाग्ने), १ फ्याक्स मेशिन, विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त रकमबाट खरिद गरिएका १ प्रोजेक्टर, १ ल्यापटप, २ डेस्कटप कम्प्युटर, १ ल्यापटप षनपाबाट, ९ डेस्कटप १ नं. प्रदेश सरकार शिक्षा विकास निर्देशनालाय धनकुटाबाट प्राप्त रहेका छन् । कम्प्युटर ल्याव एक कोठामा व्यवस्थापन गरिएको छ । क्याम्पस पुस्तकालयमा जम्मा २९८० पुस्तक १९०१ पाठ्यपुस्तक, १८५ अन्य पुस्तक ५० सन्दर्भ पुस्तक र १२ ओटा जर्नल रहेका छन् । पुस्तक डिडिसी पद्धति अनुसार वर्गीकरण गरी सेल्भिङ गरिएको छ । १८०० पुस्तक पिएवी पुस्तकालय सफ्टवेयरमा इन्ट्रि गरिएको छ । क्याम्पसको वेवसाइडमा पुस्तकालय ओप्याक लिंक मार्फत पुस्कको क्याटलग संसारको जुनसुकै कुनाबाट हेर्न सकिने व्यवस्था छ । पुस्तक लेनदेन यसै सफ्वेयर मार्फत गरिएको छ । एक परिचर, एक कर्मचारी र १६ जना शिक्षक स्टाफ रहेका छन् । अहिले कुल विद्यार्थी संख्या २०६ जना रहेको छन् । न्युन विद्यार्थी संख्या, दीगो आर्थिक स्रोतको अभाव, क्याम्पस व्यवस्थापनमा सामुदायिक सहभागित न्युन रहनु, पूर्णकालीन शिक्षकहरुको व्यवस्थापन हुन नसक्नु, पर्याप्त कोक्षाकोठाको अभाव, सन्दर्भ सामग्री युक्त पुस्तकालयको अभाव, उपयुक्त शिक्षण सामग्रीको अभाव जस्ता मुद्दा तथा चुनौतिहरु रहेका छन् । क्याम्पसको रणनीतिक योजना बनेर पनि कार्यान्वय हुन सकेको छैन । फेजआउट समेत भएको छ । क्याम्पसमा हुने परीक्षालाई व्यवस्थित गर्नका लागि षडानन्द नगरपालिकाबाट ३ ओटा सि.सि.क्यामेरा आ.व. ०७७/७८ मा जडान भएको छ । बैकल्पिक विधिबाट कक्षा संचालन गर्नका लागि माइक्रोसफ्ट टिम सम्बन्धी ३ दिने शिक्षक अभिमुखीकरण तालिम प्रदान गरिएको छ । विद्यार्थीहरुको टिम आइडि बनाएको छ ।

Campus Chief

## Contents

१. पृष्ठभूमि Background ........ 1

१.१.क्याम्पसका उद्देश्य Objectives ........ 1

१.२. सोच / परिकलना Vision ........ 1

१.३. ध्येय Mission ........ 1

१.४. लक्ष्य Goal ........ 1

२. शैक्षणिक प्रक्रिया Academic Progress ........ 2

२.१ विगत ३ वर्षको तहगत विद्यार्थी भर्ना प्रवृत्तिको विश्लेषण ........ 2

२.२ विगत ३ वर्षको तहगत विद्यार्थी भर्ना विवरण ........ 3

२.४ विगत ३ वर्षको तह पार गर्ने दर विश्लेषण Graduate Trend Analysis of the Last Three Years (Program Wise/ Level Wise) Disaggregated by Female and Educationally Disadvantaged Students ........ 3

२.५ विगत ३ वर्षको स्नातक तह पार गर्ने दर ........ 4

३. कार्यक्रमहरु Programs ........ 4

४. शैक्षणिक विधि Educational Pedagogy ........ 4

४.१ शिक्षक विवरण Teacher Description ........ 4

५. भौतिक प्रगति Physical Progress ........ 6

५.१ भौतिक अवस्थाको परिचय ........ 6

५.२ विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त रकमबाट निर्मित भवन सम्बन्धी विस्तृत विवरण ........ 6

६. पूर्वाधार विकास Infrastructural Development ........ 8

६.१. शैक्षणिक सामग्रीहरु (आइसिटि तथा प्रयोगशाला उपकरणहरु) Educational Equipments (ICT, Lab Equipment's, etc) ........ 8

६.२. पुस्तक / जर्नल/ सन्दर्भ सामग्री/ Books/ Journals/ Reference Materials ........ 8

६.३ पुस्तकालय व्यवस्थापनमा सुधार ........ 9

६.४ पुस्तकालयका समस्याहरु ........ 9

६.५ समस्या समाधानका उपायहरु ........ 9

६.६ शिक्षक तालिम Teacher Tanning ........ 10

६.६. फर्निचर तथा अन्य जिन्सी सामान Furniture and others goods ........ 10

७. वितीय प्रगति ........ 12

७.१ षडानन्द बहुमुखी क्याम्पस विगत ३ वर्षको वितीय विवरण ........ 12

Campus Chief

७.२ आर्थिक वर्ष ०७७/७८ को आम्दानी खर्चको विस्तृत विवरणः- ....... 13

७.3 विगत ३ वर्षको खर्च विश्लेषण Expenditures Analysis of the Last Three Years ....... 14

८. विगत तीनवर्षको लेखापरीक्षण अवलोकन/मुद्दाहरु र मुद्दा समाधानका लागि अपनाइएका उपायहरु Audit Observations / Issues and Steps Taken to Mitigate the Issues Raised by Audit Observations in the Last Fiscal Year ....... 14

९. सामाजिक प्रगति Social Progress ....... 15

९.१ क्याम्पसको सामाजिक क्रियाकलापमा सहभागिता Campus's Involvements in Social Activities ....... 15

९.२ क्याम्पसको सामाजिक योगदान योजना Plan for Campus's Contribution to Society ....... 16

१०.मुद्दा तथा चुनौतिहरु Issues and Challenges ....... 16

१०.१ अल्पकालिन मुद्दाहरु Short term Issues ....... 16

१०.२. दीर्घकालीन मुद्दाहरु Long term Issues ....... 17

१०.३ चुनौतिहरु Challenges ....... 17

१०.४. मुद्दा तथा चुनौतिहरु समाधानका लागि चालिएका कदमहरु Mitigation Measures Taken to Address the Issues and Meet the Challenges ....... 17

१०.५ मुद्दा र चुनौती समाधान योजना Plan for Addressing the Issues and Challenges ....... 17

११.१ चालु आ.व. ०७८।७९ को वार्षिक कार्ययोजना तथा बजेट Annual Work Plan and Budget of the Current Fiscal Year (as per the Strategic Plan) ....... 18

११. २ आगामी तीन वर्षको प्रक्षेपित वार्षिक योजना तथा बजेट ....... 19


Campus Chief

१. पृष्ठभूमि **Background**

श्री षडानन्द बहुमुखी क्याम्पसको स्थापना स्थानीय समुदायको सक्रियतामा सामुदायिक क्याम्पसको रुपमा वि.सं. २०६७ सालमा त्रिभुवन विश्वविद्यालयबाट सम्वन्धन प्राप्त गरी भोजपुर जिल्लाको दिङ्ला बजारमा भएको हो। क्याम्पसको नाम शिक्षासेवी, समाज सुधारक बालागुरु षडानन्दको नामबाट भएको छ। बालागुरुले भोजपुरको दिङ्लामा नेपालकै पहिलो जनस्तरबाट संचालित प्रथम विद्यालयको स्थापना गरी त्यसको दीर्घकालीन व्यवस्थापन गरेका थिए।

क्याम्पसमा शिक्षाशास्त्र र वाणिज्यशास्त्र दुई संकायहरु संचलानमा रहेका छन्। जनस्तरमा संचालित सामुदायिक क्याम्पसको रुपमा भोजपुर जिल्लाका उत्तरी क्षेत्रका नगरपालिका तथा गाउँपालिकाहरुमा गुणस्तरीय उच्चशिक्षाको पहुँच पुर्याउने उद्देश्का साथ स्थापना भएको हो। यस क्याम्पसको स्थापनाले महिला, दलित, जनजाति, सीमान्तकृत वर्गका विद्यार्थीहरु विषेश लाभान्वीत भईरहेका छन्। विं.सं. ०७२ मा नेपाल पब्लिक क्याम्पस संघमा दर्ता भइ ०७६/७७ सम्मको नवीकरण भएको छ। क्याम्पस वर्गीकरणको लागि त्रिवि योजना महाशाखा विनियोजन शाखामा आवेदन गरिएकोमा २०७५/२/१ मा मिति ०७४/३/२३ गते देखि लागु हुने गरी २ वर्ष सम्मको लागि व्यवस्थापन संकाय नवीकरण भएको थियो। हाल त्रि.वि.ले दुवै संकाय नवीकरणका लागि सुचना प्रकासन गरि सकेको छ। क्याम्पसमा वि.सं. २०७५ सालबाट परीक्षा केन्द्र स्थापना भएको छ। शिक्षाशास्त्र संकायमा अर्थशास्त्र शिक्षा र नेपालीशिक्षा मात्र अध्यापन गराउँदै आएको क्याम्पसले आ.व. ०७४/७५ मा अंग्रेजी शिक्षा, स्वास्थ्य शारीरिक शिक्षा, जनसंख्या शिक्षा र शैक्षणिक योजना र व्यवस्थापन विषयहरु विषय थप स्वीकृति प्राप्त गर्न सफल भएको थियो।

१.१.क्याम्पसका उद्देश्य **Objectives**

- क) यो क्याम्पस मुनाफा रहित हुने छ।
- ख) गुणस्तरीय उच्चशिक्षा प्रदान गरि उच्च स्तरीय जनशक्ति उत्पादन गर्नु।
- ग) अनुसन्धानमुलक कार्यलाई प्राथमिकता दिदै अनुसन्धान कार्यलाई प्रवर्धन गर्नु।
- घ) स्थानीय ज्ञान, सीप प्रविधिहरुको संरक्षण र यसको वजारीकरण गर्नु।
- ङ) स्थानीयतहमा ज्ञान, प्रविधि हस्तान्तरण गर्दै समय अनुकूल दक्ष जनशक्तिको उत्पादन गर्नु।

**१.२. सोच / परिकलना Vision**

सम्पन्न क्याम्पस गुणस्तरीय उच्चशिक्षाको सुनिश्चितता।

**१.३. ध्येय Mission**

षडानन्द बहुमुखी क्याम्पस शैक्षिक, प्राज्ञीक अनुसन्धान, तथा रचनात्मक शिक्षण सिकाइ कार्यका लागि समुदायमा एक प्रतिष्ठित क्याम्पसको रुपमा स्थापित भएको हुनेछ।

**१.४. लक्ष्य Goal**

षडानन्द बहुमुखी क्याम्पस आर्थिक रुपमा सवल भई भौतिक पूर्वाधारहरुको सुधार गर्दै गुणस्तरीय शिक्षण सिकाइको वातावरणको सुनिश्चित भएको हुने छ।

Campus Chief

## २. शैक्षणिक प्रक्रिया **Academic Progress**

**२.१ विगत ३ वर्षको तहगत विद्यार्थी भर्ना प्रवृत्तिको विश्लेषण** Enrolment Trend Analysis of the Last Three Years (Program Wise / Level Wise) Disaggregated by Female and Educationally Disadvantaged Students

यस क्याम्पसको विगत तीन वर्षको तहगत विद्यार्थी भर्ना विवरण तलको तालिकामा देखाइएको छः

विगत ३ वर्षको विद्यार्थी भर्ना विवरण

| | | कूल | | | जनजाति | | | दलित | | | अन्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तह | वर्ष | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| Bed I | ७५।७६ | २६ | २० | ४६ | १३ | ५ | १८ | ४ | २ | ६ | ९ | १३ | २२ |
| | ७६।७७ | ५० | ३३ | ८३ | ३० | २० | ५० | १ | १ | २ | १२ | १९ | ३१ |
| | ७७।७८ | ४९ | २३ | ७२ | ३० | १७ | ४७ | ३ | २ | ४ | १५ | ५ | २० |
| Bed II | ७५।७६ | २२ | १० | ३२ | १५ | ३ | १८ | १ | ३ | ४ | ६ | ४ | १० |
| | ७६।७७ | २१ | ११ | ३२ | ९ | २ | ११ | ३ | १ | ४ | ८ | ८ | १६ |
| | ७७।७८ | २२ | ३२ | ५४ | २० | १६ | ३६ | ० | ० | ० | १२ | ६ | १८ |
| Bed III | ७५।७६ | १ | ३ | ४ | ० | ३ | ३ | १ | ० | १ | ० | ० | ० |
| | ७६।७७ | १७ | ८ | २५ | १२ | १ | १३ | १ | ३ | ४ | ४ | ४ | ८ |
| | ७७।७८ | २० | ८ | २८ | १० | २ | १२ | ३ | १ | ४ | ७ | ५ | १२ |
| Bed IV | ७५।७६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | ७६।७७ | १ | ३ | ४ | ० | ३ | ३ | १ | ० | १ | ० | ० | ० |
| | ७७।७८ | २१ | १० | ३१ | १४ | ३ | १७ | १ | ३ | ४ | ६ | ४ | १० |
| BBS I | ७५।७६ | २ | ६ | ८ | २ | ० | २ | ० | २ | २ | १ | ३ | ० |
| | ७६।७७ | ० | ४ | ४ | ० | ० | २ | ० | ० | ० | ० | २ | २ |
| | ७७।७८ | ६ | ३ | ९ | २ | ५ | ७ | १ | १ | २ | ० | ० | ० |
| BBS II | ७५।७६ | २ | २ | ४ | १ | ० | १ | १ | ० | १ | ० | १ | १ |
| | ७६।७७ | २ | ६ | ८ | २ | ० | २ | ० | २ | २ | १ | ३ | ० |
| | ७७।७८ | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| BBS III | ७५।७६ | १ | २ | ३ | १ | ० | १ | ० | २ | २ | ० | ० | ० |
| | ७६।७७ | २ | २ | ४ | ० | १ | १ | १ | १ | ० | ० | १ | १ |
| | ७७।७८ | ३ | ४ | ७ | २ | | २ | ० | २ | २ | १ | २ | ३ |
| BBS IV | ७५।७६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | ७६।७७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | ७७।७८ | २ | २ | ४ | १ | १ | २ | १ | | १ | ० | १ | १ |
| Bed I | ७७।७८ | ४९ | २३ | ७२ | ३० | १७ | ४७ | ३ | २ | ४ | १५ | ५ | २० |
| Bed II | ७७।७८ | २२ | ३२ | ५४ | २० | १६ | ३६ | ० | ० | ० | १२ | ६ | १८ |
| Bed III | ७७।७८ | २० | ८ | २८ | १० | २ | १२ | ३ | १ | ४ | ७ | ५ | १२ |
| Bed IV | ७७।७८ | २१ | १० | ३१ | १४ | ३ | १७ | १ | ३ | ४ | ६ | ४ | १० |
| Bed Total | | ११२ | ७३ | १८५ | ७४ | ३८ | ११२ | ७ | ६ | १२ | ४० | २० | ६० |
| BBS I | ७७।७८ | ६ | ३ | ९ | २ | ५ | ७ | १ | १ | २ | ० | ० | ० |
| BBS II | ७७।७८ | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| BBS III | ७७।७८ | ३ | ४ | ७ | २ | ० | २ | ० | २ | २ | १ | २ | ३ |
| BBS IV | ७७।७८ | २ | २ | ४ | १ | १ | २ | १ | ० | १ | ० | १ | १ |
| BBS Total | | ११ | १० | २१ | ५ | ६ | ११ | २ | ३ | ५ | १ | ४ | ५ |

| Total | | १२३ | ८३ | २०६ | ७९ | ४४ | १२३ | ९ | ९ | १७ | ४१ | २४ | ६५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

**२.२ विगत ३ वर्षको तहगत विद्यार्थी भर्ना विवरण**

| श्री षडानन्द बहुमुखी क्याम्पस संकायगत,तहगत विगत ३ वर्षको विद्यार्थी भर्ना विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Year | Bed I | Bed II | Bed III | Bed IV | Bed total | BBS I | BBS II | BBS III | BBS IV | BBS Total | Total Both |
| ७५।७६ | ४६ | ३२ | ४ | ० | ८२ | ८ | ४ | ० | ० | १२ | ९४ |
| ७६।७७ | ८३ | ३२ | २५ | ४ | १४४ | ४ | ८ | ४ | ० | १६ | १६० |
| ७७।७८ | ७२ | ५४ | २८ | ३१ | १८५ | ९ | १ | ७ | ४ | २१ | २०६ |

स्रोत: षडानन्द बहुमुखी क्याम्पस विद्यार्थी भर्ना अभिलेख

२.३ तहगत उमेर समुह अनुसारको विद्यार्थी भर्ना विवरण

| Classwise Student-Age Report 2077-078 | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| Class | Below 17 | 17-20 | 21-22 | 23-24 | 25-29 | 30-34 | 34 Above | Total |
| BBS I | 0 | 6 | 2 | 1 | 0 | 0 | 0 | 9 |
| BBS II | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 1 |
| BBS III | 0 | 3 | 2 | 2 | 0 | 0 | 0 | 7 |
| BBS IV | 0 | 0 | 0 | 2 | 2 | 0 | 0 | 4 |
| **BBS Tolal** | **0** | **11** | **4** | **5** | **2** | **0** | **0** | **21** |
| B.Ed. I | 0 | 47 | 11 | 6 | 5 | 1 | 1 | 70 |
| B.Ed. II | 0 | 13 | 18 | 3 | 9 | 7 | 4 | 54 |
| B.Ed. III | 0 | 4 | 7 | 5 | 7 | 2 | 3 | 28 |
| B.Ed. IV | 0 | 2 | 4 | 11 | 9 | 5 | 0 | 31 |
| **Bed Total** | **0** | **66** | **40** | **25** | **30** | **15** | **8** | **182** |
| BBS Total | **0** | **10** | **4** | **5** | **2** | **0** | **0** | **21** |
| Both Total | **0** | **77** | **44** | **30** | **32** | **15** | **8** | **206** |

स्रोत : षडानन्द बहुमुखी क्याम्पस विद्यार्थी भर्ना अभिलेख

२.४ विगत ३ वर्षको तह पार गर्ने दर विश्लेषण Graduate Trend Analysis of the Last Three Years (Program Wise/ Level Wise) Disaggregated by Female and Educationally Disadvantaged Students

| | | जनजाती | | | दलित | | | अन्य | | | कूल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तह | वर्ष | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| Bed I | ७५।७६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | ७६।७७ | ० | १ | १ | ० | ० | ० | ० | १ | १ | ० | २ | २ |
| | ७७।७८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| Bed II | ७५।७६ | १ | २ | ३ | १ | ० | १ | ० | १ | १ | २ | ३ | ५ |
| | ७६।७७ | ७ | २ | ९ | १ | ० | १ | ० | १ | १ | ८ | ३ | ११ |
| | ७७।७८ | ० | १ | १ | ० | ० | ० | ० | १ | १ | ० | २ | २ |
| Bed III | ७५।७६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | ७६।७७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | ७७।७८ | ३ | २ | ५ | ० | ० | ० | ० | ० | ० | ३ | २ | ५ |
| BedIV | ७५।७६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | ७६।७७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | ७७।७८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| BBS I | ७५।७६ | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ० | १ |
| | ७६।७७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ७७।७८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | ७५।७६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | ७६।७७ | ० | ० | ० | १ | ० | १ | ० | १ | १ | १ | ० | १ |
| BBS II | ७७।७८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | ७५।७६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | ७६।७७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| BBS III | ७७।७८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | ७५।७६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | ७६।७७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| BBS IV | ७७।७८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

**२.५ विगत ३ वर्षको स्नातक तह पार गर्ने दर** Graduate Trend

विगत ३ वर्षमा यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरु मध्ये ९ जनाले स्नातक तह पार गरेका छन्। विगत ३ वर्षमा स्नातक तह पार गर्ने विद्यार्थी विवरण (Graduate trend) तालिकामा देखाइएको छः

| तह | शैक्षिक वर्ष | जनजाति | | | दलित | | | अन्य | | | कूल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| 3 yrs Bed | ७५।७६ | ३ | ० | ३ | ० | ० | ० | १ | ० | १ | ३ | १ | ४ |
| | ७५।७६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | ७६।७७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| 4 yrs Bed | ७७।७८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा (क) | ३ | ० | ३ | ० | ० | ० | १ | ० | १ | ३ | १ | ४ |
| 3 yrsBBS | ७५।७६ | | १ | १ | ० | १ | १ | ० | ० | ० | ० | २ | २ |
| | ७५।७६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | ७६।७७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| 4 yrs BBS | ७७।७८ | 0 | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | २ |
| | जम्मा (क) | ० | १ | १ | ० | १ | १ | ० | ० | ० | ० | २ | २ |
| | दुवै जम्मा (क ) (ख) | ३ | २ | ५ | ० | १ | १ | १ | 0 | २ | ४ | ५ | ९ |

स्रोतः षडानन्द बहुमुखी क्याम्पस विद्यार्थी भर्ना अभिलेख

## ३. कार्यक्रमहरु Programs

यस क्याम्पसमा शिक्षाशास्त्र संकाय र व्यवस्थापन संकाय अन्तर्गत स्नातक तहका कार्यक्रमहरु संचालनमा रहेका छन्। क्याम्पसमा संचालित कार्यक्रमको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छः

श्री षडानन्द बहुमुखी क्याम्पसमा संचालित कार्यक्रम विवरण

| क्र.सं. | कार्यक्रम | स्वीकृत मिति | विश्वविद्यालय | विषय |
|---|---|---|---|---|
| १ | व्यवस्थापन संकाय | २०६७/४/२७ | त्रिभुवन विश्वविद्यालय | |
| २ | शिक्षाशास्त्र संकाय | २०६९/४/२३ | त्रिभुवन विश्वविद्यालय | नेपाली,अंग्रेजी,अर्थशास्त्र,स्वास्थ्य शारीरिक,जनसंख्या,इपिएम |

## ४. शैक्षणिक विधि Educational Pedagogy

क्याम्पसमा अध्यापनका लागि ब्याख्यान विधि, नोट लेखन विधि, गृहकार्यको रुपमा परियोजनाकार्य विधि, प्रदर्शन विधि, संवाद छलफल विधि, नमुनाप्रश्नोत्तर, वुँदा टिपोट विधि, खोज विधि आदिको प्रयोग हुने गरेको छ।

Campus Chief

## ४.१ शिक्षक विवरण Teacher Description

षडानन्द बहुमुखी क्याम्पसमा अध्यापनरत शिक्षक तथा कार्यरत कर्मचारी विवरण आ.व. ०७७/७८

| SN | Name | Type | Qualification | Sub | Phon No. | Email |
|---|---|---|---|---|---|---|
| | | | Educaiton | | | |
| 1 | Nagendra Basnet | FT | MED | Eco edu | 9842145705 | |
| 2 | Sanjaya Ghimire | FT | MED | Nep edu | 9842318215 | |
| 3 | Pramila Rai | FT | MED | Nep edu | 9842173438 | |
| 4 | Madav Neupane | FT | MED | EPM edu | 9842594799 | |
| 5 | Neresh Mandal | FT | MED | Hped | 9816309495 | |
| 6 | Depak Bhujel | FT | MED | Eng edu | 9852052575 | |
| 7 | Ganes Bhattari | FT | MED | Med Nep | 9862282105 | |
| 8 | Gobinda Khadka | FT | MED | EPM edu | 9841880979 | |
| 9 | Mukunda Prasad Ghimire | FT | MED | EPM edu | 9852059060 | |
| 10 | Iswari Prasad Gautam | FT | MED | Eng edu | 9741389627 | |
| 11 | Baburam Bastola | PT | MED running | Hped | | |
| | | | Management | | | |
| 1 | Rita Khadka | FT | MBS | MBS | 9849059788 | |
| 2 | Nil Bahadur Chauhan | FT | MBS | MBS | 9851181149 | |
| 3 | Dambar Bahadru Bista | FT | MED | ME | 9842147291 | |
| 4 | Kedar Koirala | FT | MED | Mathe | 9842097935 | |
| 5 | Rajendra Tamang | PT | Med Running | | | |
| | Non Teaching Staff | | | | | |
| 1 | Krishna Kala Sunuwar | AAA (FT) | SLC | | 9848732731 | |
| 2 | Rudra Prrasad Bhatta | FT | Literate | OS | 9860504313 | |

स्रोतः श्री षडानन्द बहुमुखी क्याम्पस शिक्षक अभिलेख FT=Full time, PT=Part time AAA= Administration and account assistant, OS= Office helper

४.२ श्री षडानन्द बहुमुखी क्याम्पसमा व्यवस्थापन संकायमा अध्यापन हुने विषयहरु

यस क्याम्पसमा शै.व. ७७/८९ मा ७८ओटा विषयहरु (शिक्षा शास्त्रमा ५८ र व्यवस्थापनमा २०) प्रति संचालन हुने भइ रहेका छन् । विषयको विस्तृत विवरण तालिकामा देखाइएको छ ।

| Level | Subjects | | | | | | Total Sub. Number |
|---|---|---|---|---|---|---|---|
| BBS 1 | MGT 201 | MGT 202 | MGT 203 | MGT 211 | MGT 213 | – | 5 |
| BBS 2 | MGT 205 | MGT 206 | – | MGT 212 | MGT 214 | MGT 216 | 5 |
| BBS 3 | MGT 204 | MGT 215 | – | MGT 217 | MGT 218 | MGT 219 | 5 |
| BBS 4 | MGT 220 | MGT 221 | MGT 401 | C. I | C.II | C.II | 5 |

श्री षडानन्द बहुमुखी क्याम्पसमा शिक्षा शास्त्र संकायमा अध्यापन हुने विषहरु

| Level | Subjects | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Compulsory | | | Major Nepali | | | Major Eco | | | Major Health | | | Major Pop | | | Major English | | | Minor Pop | | Minor Nep | Minor Eco | Minor Health | Total Subject |
| Bed 1 yrs | Nep Ed 401 | Eng ed 411 | ECD 412 | Nep ed 416 | Nep Ed 417 | | Eoc ed 416 | Eco ed 417 | | H ed 416 | Hp ed 417 | | | | | Eng ed 416 | Eng ed 417 | | Pop ed 418 | | | | | 12 |

| Bed 4 yrs | Bed 3 yrs | Bed 2 yrs |
|---|---|---|
| | Ed 431 | Ed 421 |
| Ed 442 | - | - |
| Ed 440 | - | - |
| Nep 445 | Nep ed 432 | Nep ed 422 |
| Nep 446 | Nep ed 433 | Nep ed 423 |
| Ed 440 | Nep ed 434 | Nep ed 424 |
| Eco ed 445 | Eco Ed 432 | Eco Ed 422 |
| Eco ed 446 | Eco Ed 433 | Eco Ed 423 |
| Ed 440 | Eco Ed 434 | Eco Ed 424 |
| Hp ed 445 | Hp ed 432 | HP ed 422 |
| Hp ed 446 | Hp ed 433 | H ed 423 |
| Ed 440 | Hp ed 434 | H ed 424 |
| Pop Ed 445 | - | - |
| Pop Ed 446 | | - |
| Ed 440 | | - |
| Eng ed 445 | | Eng ed 422 |
| Eng ed 446 | | Eng ed 423 |
| Ed 440 | | Eng ed 424 |
| Pop ed 449 | Pop 439 | Pop ed 428 |
| Pop ed 449 | - | Pop ed 429 |
| Nep ed 449 | | - |
| Eco Ed 449 | | - |
| Hep ed 449 | | - |
| 22 | 12 | 12 |

## ५. भौतिक प्रगति Physical Progress

### ५.१ भौतिक अवस्थाको परिचय

मुख्य भवन दुई तलाको ६ कोठा भएको ८८×२६ वर्ग फुटको रहेको छ जसलाई भवन नं. १ भनिएको छ। मुख्य भवनको छेउमा १ ओटा ४८×१७ वर्ग फुटको २ कोठे भवन निर्माणाधीन रहेको छ, जसलाई भवन नं. २ भनिएको छ। क्याम्पसको तुङ्गेछामा रहेको ६२×२२ वर्ग फुटका २ तले ४ कोठे (भवन भवन नं. ३) रहेको छ । भवन नं. ३ पूर्व पर्यटन मन्त्री कृपाशुर शेर्पा ज्यूको निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत बनेको थियो । यस क्याम्पस व्यस्थापन समितिले बेलैमा काम गर्न नसक्दा रु. १५ लाख फ्रिज भएको थियो । क्याम्पस भवन निर्माणको लागि विश्वविद्यालय अनुदान आयोग सानोठीमी भक्तपुरबाट आ.व. ०७६/७७ मा रु. ५० लाख विनियोजन भइ, योजना सम्झौता भइ हाल ठेक्का (इ-विड) मार्फत काम गरिएको थियो । विश्वविद्यालय अनुदान आयोगबाट विनियोजित बजेट बाट ६५×२५ वर्ग फुटको भवन (भवन नं.४) डिपिसी सम्मको काम सम्पन्न भएको छ। यस भवनको पनि बेलैमा काम गर्न नसक्दा रु.२५ लाख फ्रिज भयो। यो भवन निर्माण सम्बन्धमा छुट्टै विस्तृत वर्णन गरिएको छ। भवन नं. ३ का लागि आ.व. ०७४/७५ मा षडानन्द नगरपालिकाबाट रु.१४ लाख ५० हजार बजेट विनियोजन भई माथिल्लो तलामा पिलर, गाह्रो, छत ढलान, भुईतलाको झ्याल ढोकाको खापा निर्माण, भुई तल्लाको भुँइ, भित्ता सिलिङ र पेटी निर्माण कार्य सम्पन्न भएको छ। माथिल्लो तलाको प्लास्टर, झ्याल ढोकामा खापा पल्ला र साज–सज्जाको कार्य बाँकी रहेको छ। भवन नं. १ मा झ्यालको भेन्टीलेसनमा पल्ला हाल्न, रंगरोगन गर्न बाँकी रहेको छ। भवन नं. २ को माथिल्लो तला र बरण्डा निर्माण हुनबाँकी रहेको छ। यसको ढलानमा छतजी नहुदा भूँई तलाको झ्यालका खापा काम नलाग्ने अवस्थामा पुगि सकेको छ । यस भवनको निर्माण कार्य शान्ति मन्त्रालयको शान्ति तथा विकास कार्यक्रम अन्तर्गत क्रमागत योजनाको रुपमा शुरु भई ढोकाको माथि पट्टि टाइविम हाल्ने सम्मको कार्य भएको थियो। शान्ति मन्त्रालय राजनीतिक पुनः संरचना भएसँगै समायोजन भए पछि भवन निर्माणका लागि बजेट निकासा भएन । भवन नं. २ का लागि आ.व. ०७४/७५ षडानन्द नगरपालिकाकबाट रु. ८ लाख बजेट विनियोज भई एक फुट आधी गाह्रो थप गरी सिलिङ ढलान गर्ने, भुइतल्लाको झ्याल ढोकामा पल्ला राख्ने कार्य सम्पन्न भएको छ। हाल क्याम्पसले भुई तलाको २ कोठामा भुँई ढलान, भित्तासिलिङ प्लास्टर गरी कक्षा संचालन गरिरहेको छ। उक्त भवनको माथिल्लो तल थप गर्न बाँकी रहेको र तल्लो तलाको बाहिर भित्ता प्लास्टर, बरण्डा र पेटी निर्माण बाँकी रहेको छ। भवन नं. १ को माथिल्लो तलामा सिलिङ हाल्ने र तीनै कोठामा कार्पेटिङ भएको छ। छुट्टै पुस्तकालय कक्षमा कार्पेटिङ, वारिङ, सिलिङ लगाउने कार्य सम्पन्न भई पुस्तकालय कक्ष निर्माण भइ सकेको छ। पुस्तकालय कक्षमा ३० जना विद्यार्थी एकै पटक बसेर अध्ययन गर्न सक्ने बनाइएको छ। क्याम्पसमा अध्यापन हुने सवै विषय तथा वर्षको पढाइ गर्नका लागि कक्षाकोठा मात्र २० ओटा कोठा आवश्यक रहेको छ। हाल बरण्डामा समेत कोठा निकालेर कक्षा संचालन गरी रहेको छ। पुस्तकालय तथा साविकको हल कोठालाई पार्टेशन गरि कक्षा चलाइ रहेको अवस्था रहेको छ। यति गर्दापनि कक्षाकोठाको अभाव रहेको छ।

### ५.२ विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त रकमबाट निर्मित भवन सम्बन्धी विस्तृत विवरण

यस क्याम्पसकालाई विश्वविद्यालय अनुदान आ.व. ०७६/७७ मा भौतिक विकास अनुदान भवन निर्माणका लागि रू. ५०,००,०००।- अक्षेरपी पचास लाख विनियोजन भइ भवन निर्माण योजना सम्झौता २०७७ आषाढ २८ भयो। सम्झौता पश्चात कूल रकमको ५० प्रतिशत रकम अर्थात रू. २५,००,०००। अक्षेरपी पच्चिस लाख आयोगबाट क्याम्पसको रा.वा. बैंक दिङ्लामा रहेको च.हि.नं. २२९०१००००००६४००१ मा मिति २०७७ श्रावण ४ गते प्राप्त भयो।



Campus Chief

रकम प्राप्त भए पछि षडानन्द नगरपालिकाले क्याम्पसको षडानन्द नगरपालिका वडा नं. ८ मा रहेको १३ रोपनी जग्गामा भवन निर्माणका लागि माटो परीक्षण कार्य २०७७ मार्ग महिनामा सम्पन्न भयो । नगरपालिकाको तर्फबाट एक ८ कोठे चार तले भवनको विस्तृत परियोजना प्रस्ताव (डिपिआर) २०७७ साल पौष महिनामा तयार भयो । तर उक्त भवन निर्माण गर्नका लागि रू. ५०।- ( पचास लाख रकम) ज्यादै न्युन भएको हुँदा पुनः क्याम्पस व्यवस्थापन समितिको मिति २०७७ माघ २ गतेका दिन सानो भवनको विस्तृत परियोजना प्रतिवेदन तयार गर्नका लागि निर्णय गरी कोटेशन माग गरियो । जस अनुसार तपिशलका कोटशन प्राप्त भए ।

| क्र.सं. | विवरण | प्रस्तावित रकम | कैफियत |
|---|---|---|---|
| १ | Jublint Archinova Pvt.Ltd. | 180800.00 | भ्याट सहित |
| २ | Binsnu Kamal Engineering Consultancy Pvt.Ltd. | 150000.00 | भ्याट सहित |
| ३ | Gita Engineering Consultancy Pvt. Ltd. | 75710.00 | भ्याट सहित |

प्राप्त कोटेशनहरू मध्ये गीता इञ्जिनिएरिङ कन्सलटेन्सी काठमाणडौंको सबै भन्दा कम दरको रू.७५७१०।-कोटेशन स्वीकृत गरी भवनको ड्रइङ, डिजाइन, स्ट्रकचर एनालाइसिस तथा विस्तृत योजना प्रतिवेदन तयार गर्नका लागि खरिद आदेश दिइयो । गीता इञ्जिनियरिङ कन्सलटेन्सीबाट प्राप्त भवनको विस्तृत परियोजना प्रस्ताव मिति २०७७ साल माघ ६ गतेको क्याम्पस व्यवस्थापन समितिको बैठकबाट स्वीकृत गरि खरिद आदेस दिने निर्णय गरियो ।

भवन निर्माण गर्नका लागि इ-विड गर्ने क्याम्पस व्यवस्थापन समितको मिति २०७७/१०/१२ गतेको निर्णय अनुसार **हाम्रो मत** राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७७ माघ २० गते ३० दिने टेण्डर आह्वन सूचना प्रकाशन गरि नेपाल सरकारको सार्वजनिक खरिद अनुगमन कार्यालय (पिपिएमओ) को वेवसाइटमा www.bolpatr.gov.np इ-विड प्रकाशन गरियो ।

बोलपत्र आह्वन गरेको ३१ औं दिन २०७७ फागुन २० मा बोलपत्र खोलियो । बोल पत्रको मूल्याङ्कन गर्न तपशिल अनुसारको मूल्याङ्कन समिति गठन गरियो ।

तपशिल

संयोजकः श्री नगेन्द्र बस्नेत क्याम्पस प्रमुख

सदस्यः श्री कृष्णकला सुनुवार लेखा प्रशासन सहायक षडानन्द बहुमुखी क्याम्पस

आमन्त्रित

सदस्यः श्री डम्वर लिम्बु सूचना प्रविधि अधिकृत षडानन्द नगरपालिका

सदस्यः श्री रोशन परियार षडानन्द नगरपालिका प्रविधिक शाखा प्रमुख

सदस्यः श्री केशव प्रसाद गुरागाई षडानन्द नगरपालिका जिन्सी शाखा प्रमुख

उपरोक्त अनुसार गठित समितिले मिति २०७७ साल फागुन २५ गतेका दिन बोल पत्र मूल्याङ्कन कार्य सम्पन्न गरि प्रतिवेदन पेश गर्यो । मिति २०७७ साल फागुन २६ गते हाम्रो मत दैनिक पत्रिकामा आसयको सूचना प्रकाशन भयो ।

आसयको सूचना निकाली भवनको डिपीआर सहित भवन निर्माण प्रतिवेदन विश्वविद्यालय अनुदान आयोगमा पेश गरियो । यसरी पेश गर्दा पहिले डिजाइन पेश गरेकोमा कुनै फेरबदल गर्न नपाइने भन्ने जानकारी प्राप्त भयो । पहिले बनाएको नक्सा नगरपालिकाकै प्राविधिक शाखाबाट बनाएको थियो । नगरपालिका आफैले बनाएको नक्सा नगरपालिकाले नै नक्सा पास गर्न निमिल्ने भएकोले पुनः पुरानो नक्साको ड्रइङ,स्ट्रक्चर एनालिसिस गर्नु पर्यो । यसका लागि थप पुनः रु. ७५०००।- खर्च भयो ।

भवनको नक्सा पास गर्ने कार्य षडानन्द नगरपालिकाबाट २०७७/११/२५ मा सम्पन्न भयो ।

ठेक्का मूल्याङ्कन समितिको सिफारिस अनुसार छनौट भएको हिमशिला कन्ट्रक्सन प्रा.लि. विराटनगरलाई सम्झौता गर्न आउनका लागि मिति २०७७ साल फागुन २६ गते **हाम्रो मत** दैनिक पत्रिकामा सात दिने आसयको सूचना प्रकाशन भयो । मिति २०७७।१२।५ गते सम्झौता गर्न आउन हुनका लागि पत्राचार भयो । मिति २०७७।१२।९ गते हिमशिला कन्ट्रक्सन प्रा.लि. र क्याम्पसबीच भवन निर्माण कार्यको लागि सम्झौता सम्पन्न भइ कार्यादेश दिइएको थियो ।

भवन निर्माणको संक्षिप्त आम्दानी र खर्चको विवरण तपशिल बमोजिम रहेको छ ।

तपिशल

| आम्दानी | रकम रू. | खर्च विवरण | रकम रू. | कैफियत |
|---|---|---|---|---|
| विश्वविद्यालय अनुदान आयोगबाट | २५०००००.०० | ल्याव टेष्ट (रड,क्युव) | २५००१.०० | |
| | | साइड क्लीयरेन्स | ४६५००.०० | |
| | | जग खन्ने काम | ६६१७७.६७ | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | जगमा माटो पुर्ने | ५२७१३.६१ | |
| | | सोलिङ | ७२६५४.८६ | |
| | | पिसिसि | ११३०१८.६६ | |
| | | रड | ६०५३८२.७० | |
| | | ढलान | ९३६७१३.३३ | |
| | | इटाको गाहो | ५५९३५१.५८ | |
| | | पफम ओर्क | १५३९०८.४७ | |
| | | भ्याट | ३३८८३४.७१ | |
| | | नक्सा डिजाइन इष्टिमेट डिपिआर | १५२०००.०० | |
| | | नक्सापास | ३५९५३.०० | |
| | | अग्रिम आयकर | ३३२२९.०० | |
| जम्मा | २५००००.०० | जम्मा | ३१९१४३८.५९ | |

प्राविधिक मूल्याङ्कन अनुसार भवन निर्माणमा मात्र रु. २९७०२५६।– खर्च भएको छ । भवन निर्माणको रु. ८१८०५४।- भुक्तानी दिन बाँकी रहेको छ। भवन निर्माणमा २३७३३८४।– भुक्तानी भएको छ।

## ६. पूर्वाधार विकास Infrastructural Development

६.१. शैक्षणिक सामग्रीहरु (आइसिटि तथा प्रयोगशाला उपकरणहरु) Educational Equipments (ICT, Lab Equipment's, etc)

यस क्याम्पसमा २ ओटा ल्यावटप, ११ ओटा डेस्कटप कम्प्युटर, १ प्रोजेक्टर, १ र २ ओटा प्न्टर क्यानन २९०० मोडल र ब्रदर डिसिपी २५५० मोडल रहेका छन्। १ ल्यापटप २ डेस्कटप र १ प्रोजेक्टर विश्वविद्यालय अनुदान आयोगको उपकरण खरिद अनुदानबाट खरिद गरिएको थियो। आ.व. ०७५।७६ मा १ नं. प्रदेश सरकार सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालय धनकुटा मार्फत सामुदायिक क्याम्पसहरुमा आइसिटि व्यवस्थापन कार्यक्रम अन्तर्गत ९ ओटा डेस्कटप कम्प्युटर र ९ ओटै कम्प्युटर टेवुल खरिद भएको थियो। उक्त कम्प्युटरहरुलाई छुटै वाइरिङ भएको, कार्पेटिङ गरिएको कोठामा व्यवस्थापन गरिएको छ । विश्वविद्यालय अनुदान आयोगबाट आ.व.०७६।७७ उपकरण खरिदकालागि रु. २००,०००। अक्षरेपी दुई लाख प्राप्त भयो। त्यस्तै १ नं. प्रदेश सरकारबाट प्राप्तभएको रकमबाट ८ ओटा व्याट्री र इन्भर सहिद खरिद भयो साथै सोही रकमबाट २२६००००।- को सामुदायिक क्याम्पस व्यवस्थापन सफ्टवेयर र क्याम्पसको वेवसाइड निर्माण इ–हजीरी सिष्टम खरीद गरियो। १ ल्यापटप षडानन्द नगरपालिकाको सहयोगमा खरिद गरिएको थियो। मुलपानी सामुदायिक सिकाइ केन्द्रको इ–पुस्तकालय सर्वर र पुस्तकालय, क्याम्पस पुस्तकालय क्याम्पसको पुस्तकालयमा नै रहेको हुँदाउक्त सर्वरबाट इ–पुस्तकालय सेवाप्राप्तभई रहेको छ। ओली नेपालले विकास गरेको उक्त सर्ववरमा ई-पाठ, पुस्तक, पत्रपत्रिका, शिक्षण सामग्री तथा खान एकेडेमीद्वारा विकास गरेका शैक्षिक भिडियोहरु मोवायल तथा कम्प्युटरमा पढ्न, डाउनलोड गरी स्टोर समेत गर्न सकिन्छ। ई–पुस्तकालय सर्वर चौबिसै घण्टा चलाउनको लागि १५० वाटका २ सोलार प्यानल, २ ओटा ब्याट्रि सहित रहेको हाइब्रीड सोलार सिस्टम जडान गरिएको छ। शिक्षणका लागि आइसिटि प्रयोग गर्ने उद्देश्यले हाल ३ ओटा कक्षा कोठामा विद्युत वाइरिङ भएको छ। भवन नं.२ प्रयोग २ कोठामा वाइरिङ हुन बाँकी रहेको छ। क्याम्पसमा रहेका आइसिटि पूर्वाधारहरुको विवरण निम्न अनुसार रहेको छन्।

आइसिटी पूर्वाधार विवरण

| आ.व. | कम्प्युटर टेवुल | डेस्कटप कम्प्युटर | ल्यापटप | प्रोजेक्ट | प्न्टर | सी.सी.क्यामेरा,मनिटर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ०७२/७३ | ५ | | | | | | |
| ०७३/७४ | | २ | २ | १ | १ | | विश्वशविद्यालय अनुदान आयोग |

Campus Chief

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ०७५/७६ | १ | १ | | | | | १ नं. प्रदेश सरकार |
| ०७६/७७ | | २ | | | २ | | विश्वविद्यालय अनुदान आयोग |
| ०७७/७८ | | | | | | ३,१ | षडानन्द नगरपालिका |
| जम्मा | १४ | १४ | २ | १ | ३ | ३,१ | |

**६.२. पुस्तक / जर्नल/ सन्दर्भ सामग्री/ Books/ Journals/ Reference Materials**

क्याम्पस पुस्तकालयमाआ.व. ०७८ आषाढ मसान्त सम्म २९२२ थान पुस्तक दर्ता रहेका छन् । ०७८ कार्तिक ८ गते सम्म २९७४ पुस्तक दर्ता भएका छन् । ०७६।७७ मा एक लाख एक्काइस हजार छ सय तेइस मूल्य बराबरका पुस्तक खरिद भएका थिए । अग्रेजी भाषाका २६७,नेपाली भाषाक ७३०, संस्कृत भाषाक २ र हिन्दी भाषाका २ वटा रहेका छन् । आ.व.०७७।७८ मा रु. ४७५७४।– बराबरका पुस्तक खरिद भएको छन् । पुस्तकालय कक्षमा ३० जना विद्यार्थी एकै पटक बसेर अध्ययन गर्न सक्ने बनाइएको छ । पुस्तकालय कक्षमा कर्पेटिङ,वाइरिङ भएको छ । गतवर्ष २ ओटा डवल र्याक, ३ ओटा एकतर्फि र्याक (Single rack) थप भएका छन् । पुस्तकहरु डिडिसि पद्धति अनुसार वर्गीकरण गरी सेल्भिङ गरिएको छ । पुस्तकालयलाई अटोमेशन गर्नका लागि तालिम प्राप्त कर्मचारीको, बारकोड रिडर मेशिनको, उच्चगतिको इन्टरनेटको अभाव रहेका छन् ।

**६.३ पुस्तकालय व्यवस्थापनमा सुधार**

